## बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन, २०७६

**प्रस्तावना :**

गाउँपालिकाको क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, संचालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम बारपाक सुलिकोट गाउँपालिकाको यो ऐन छैठौं गाउँ सभामा यो विधेयक प्रस्तुत गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन २०७६" रहेको छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(च) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धिता भौतिक पूर्वाधारलाई सम्झनु पर्छ ।

(छ) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै स्थानमा रहेको पानी सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ञ) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्यका सेवा सम्बन्धि कार्य सम्झनु पर्छ ।

### परिच्छेद २
### स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **स्थानीय सडकहरुको वर्गीकरण र न्यूनतम मापदण्ड :** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण गर्न न्यूनतम मापदण्ड तोक्ने र बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ ।

(२) गाउँपालिका स्तरका सडकहरुको वर्गीकरण र न्यूनतम चौडाई देहाय अनुसार हुनेछ ।

(क) गाउँपालिका (स्थानीय) सडक : गाउँपालिकाका महत्वपूर्ण सडकहरु मध्ये महत्वपूर्ण स्थानमा रहेको सडक गाउँपालिका तथा स्थानीय सडकको रुपमा वर्गीकरण गरिनेछ । यस्ता सडकको चौडाई न्यूनतम नाला सहित दश मिटर हुनु पर्छ ।

(ख) ग्रामीण सडक : गाउँपालिकाका बस्तीहरुमा यातायातको पहुँचका लागि बनाइएका सडकहरुलाई ग्रामीण सडकको रुपमा वर्गीकरण गरिनेछ । यस्ता सडकहरु नाला सहित साढे सात मिटरमा चौड हुनेछन् ।

(ग) कृषि सडक : गाउँपालिका भित्रका मुख्य मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरु यस अन्तर्गत पर्दछन् । यस प्रकारका सडकको न्यूनतम नाला समेत चौडाई छ मिटरको हुनेछ ।

(घ) घोडेटो मूल बाटो : मानिस र पशु चौपाया मात्र हिड्ने एक भन्दा बढी गाउँ बस्ती जोड्ने बाटोलाई घोडेटो मूल बाटोको रुपमा वर्गीकरण गरिने छ । यसको न्यूनतम चौडाई दुई मिटरको हुनेछ ।

(ङ) गोरेटो बाटो : मानिस र चौपाया हिड्ने बस्तीबाट घोडेटो मुलबाटो वा बस्ती सडक सम्म जोडिने अधिकतम एक किमी लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ । यसको चौडाई न्यूनतम तीन फिटको हुनेछ ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ती तथा मोडहरुमा ठूला सवारीहरुको आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ ।

४. **मापदण्ड निर्धारण गर्ने :** (१) गाउँ कार्यपालिकाले समय समयमा आफ्नो क्षेत्रभित्र निर्माण हुने सडक सम्बन्धी मापदण्ड तोक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाईने :** (१) यस ऐनको दफा (३) बमोजिमका सडकमा सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति विना कुनै प्रकारका संरचना निर्माण वा व्यवसाय संचालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काईने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सिमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउँदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चली आएको कुनै सडकको विस्तार गर्नका लागि उक्त सडकको दायाँबायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धीत जग्गा धनीलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउनु पर्नेछ ।

६. **सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :** (१) कसैले सार्वजनिक सडकमा कुनै मालसामान छोडेको राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएमा त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई गाउँपालिका कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान समेत सक्नेछ ।

## परिच्छेद ३

## जलश्रोतको संरक्षण र उपयोग

**७. जलश्रोतको स्वामित्व :** (१) यस गाउँपालिका क्षेत्रभर रहेको जलश्रोतको स्वामित्व नेपाल सरकारको हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वामित्व रहेको जलश्रोतको संरक्षण र उपयोग सम्बधी कार्यहरु गाउँपालिकाले यसै ऐन बोजिम गर्नेछ।

**८. जलश्रोत उपयोग :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्ने गराउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका कार्यका लागि जलश्रोतको उपयोग अनुमतिपत्र लिनुपर्ने छैन।

(क) व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि पानीको उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलश्रोत तोकिए बमोजिम उपयोग गर्न,

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपभोग गर्नुपर्छ।

**९. जलश्रोत उपभोगको प्राथमिकताक्रम :** (१) जलश्रोतको उपयोग गर्दा साधारणतया देहायको प्राथमिकता अनुसार गर्नुपर्नेछ :

(क) खानेपानीको घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग।

(२) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ८ को उपदफा (३) बमोजिम जलश्रोतको लाभदायक उपयोग भए नभएको आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलश्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सवैलाई मान्य हुनेछ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उपदफामा उल्लेखित कुराको निधारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

**१०. अनुमति लिनुपर्ने :** (१) यस ऐन बमोजिम गठित स्थानीय जलश्रोत समितिबाट अनुमति नलिई कुनै पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन :

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप संचालन गर्न,

(ङ) व्यवसायिक रुपमा माईक्रो हाइडो पानी घट्ट संचालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न,

(२) जलश्रोतको सामूहिक लाभ, व्यसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिम क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायीक उपयोगका लागि उपभोक्ता समिति मार्फत र व्यवसायिक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) मा जे सुकै लेखिएको भएतापनि नेपाल सरकारले जलश्रोत उपभोग सम्बन्धी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

११. **खानेपानी, सिंचाई जस्ता जलश्रोतको सामुदायिक लाभ व्यवस्थापन :** (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रका उपभोक्ताहरु मिलि जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र संचालन गर्नुपर्नेछ ।

(२) यस ऐन तर्जुमा हुनु अघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएका जलश्रोतलाई यो ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनु पर्दछ ।

१२. **जल उपभोक्ता संस्थाको गठन :** (१) दफा ११ बमोजिमको प्रयोजनको लागि गठन हुने उपभोक्ता संस्थामा ७ देखि ११ जना सदस्यहरु तोकिए बमोजिम रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य रुपमा हुनुपर्नेछ ।

(२) यसरी संस्था गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलश्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान,

(ख) मुहान दर्ता भईसकेको भए दर्ताको प्रमाण-पत्र र नभएको भए श्रोतको विवरण,

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या,

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव,

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले जल उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला संस्था हुनेछ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्ष म्याद सकिनु ७ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नुपर्ने छ ।

(५) संस्थाको कार्य संचालन प्रक्रिया र विधि संस्थाको विधानमा तोकिए बमोजिम हुनेछ । यस संस्थाले वार्षिक लेखा परिक्षण गर्नुपर्ने र तिनुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानुनले तोके बमोजिमको जलश्रोत उपयोग कर तिर्नुपर्ने छ ।

**१३. जलश्रोतको व्यवसायिक उपयोगका लागि अनुमति लिनुपर्ने :** (१) औद्योगिक प्रयोजन, जल परियोजना एक मेगावाट सम्मको जलविद्युत आयोजना लगायतका जलश्रोतको व्यवसायीक उपयोगका लागि सोको उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले जलश्रोत समितिको सिफारिसमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक मेगावाटसम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनुपर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको श्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कूल अवधि र लागत,

(च) परियोजना संचालनमा पर्ने वातावरणीय जोखिमहरु प्रारम्भिक वातावरणीय मूल्याङ्कन वा (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलश्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलश्रोतको परिमाण, उपयोग अनुमतिको कार्य र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलश्रोतको उपयोग गरिरहेको प्रोपाइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ ।

(५) अनुमति पत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानुन बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनुपर्नेछ ।

**१४. स्थानीय जलश्रोत समितिको गठन :** (१) गाउँपालिकामा रहेको जलश्रोतको उपयोगको लागि ऐनको दफा ( १३) को उपदफा (१) बमोजिम अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा स्थानीय जलश्रोत समिति रहनेछ ।

(२) स्थानीय जलश्रोत समितिमा देहायका अध्यक्ष र सदस्यहरु रहनेछन :

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) संयोजक भई गाउँपालिकाको पूर्वाधार क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख - सदस्य

(च) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य

(छ) पूर्वाधार हेर्ने वरिष्ठ इन्जिनियर माध्येबाट एक जना - सचिव

(३) समितिले आवश्यकता अनुसार जिल्ला नापी कार्यालयका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) दुई वा दुई भन्दा बढी स्थानीय तहको सीमानामा पर्ने पानीका मुहानहरुको क्षेत्राधिकार विवाद भएमा आपसी समझदारीमा वा प्रचलित कानुन बमोजिम विवाद समाधान हुनेछ ।

**१५. स्थानीय जलश्रोत समितिको वैठक सम्बन्धी कार्यविधि :** (१) स्थानीय जलश्रोत समितिको वैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(२) वैठकको अध्यक्षता जलश्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा जलश्रोत समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ ।

(३) स्थानीय जलश्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) स्थानीय जलश्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई स्थानीय जलश्रोत समितिको निर्णायक मत मानिनेछ ।

(५) स्थानीय जलश्रोत समितिको निर्णय स्थानीय जलश्रोत समितिको सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ ।

(६) स्थानीय जलश्रोत समितिको वैठक सम्बन्धी अन्य कार्यविधि स्थानीय जलश्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. स्थानीय जलश्रोत समितिको संयुक्त वैठक :** (१) जलश्रोतको उपयोगसँग सम्बन्धित काम एक भन्दा बढी स्थानीय तहहरुसँग सम्बन्धित भएमा सम्बन्धित सवै स्थानीय तहको जलश्रोत समितिहरुको संयुक्त वैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थानको लागत सहभागीता निमार्ण भई संचालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नुपर्दछ ।

(क) खानेपानी सेवा संचालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा संचालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा संचालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(ङ) सेवा संचालन गर्नको लागि अनुमानित लागत,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा संचालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले संचालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरि सेवा संचालन गर्ने भए त्यस्तो सेवा प्रणाली सँग आबद्ध सम्पत्ति तथा दायित्व,

(ज) संचालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल ।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ ।

**१७. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने :** (१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवा नियमित, व्यवस्थित र सुलभ बनाई भरपर्दो सेवा प्रदान गर्न गराउन स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार, सर्वाजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई संचालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनाहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नु पर्दछ ।

(क) खानेपानी सेवा संचालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा संचालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा संचालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा संचालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा संचालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले संचालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरि सेवा स)चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(ज) संचालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल ।

(४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मतसम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफैं गर्न सक्नेछ ।

१८. **खानेपानी तथा सिंचाईको शुल्क निर्धारण** : (१) खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ :

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| (ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि | - सदस्य |
| (ग) गाउँपालिकाको लेखा प्रमुख | - सदस्य सचिव |

(२) महशुल निर्धारण र महशुल निर्धारण समिति सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **सजाय** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपूर्ति समेत भराई दिन सक्नेछ । गाउँपालिकाले तोकेको अधिकारीले उक्त न्यायिक अधिकार प्रयोग गर्न सकिनेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमति पत्रमा उल्लेख भएका शर्तहरु पालन नगरी जलश्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैयाँ सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) कसैले बदनियत साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्ता संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग निजबाट हानीनोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना वा प्रचलित कानुन बमोजिमको सजाय हुन सक्नेछ साथै एक मुहानले अर्को मुहानलाई बाधा पुग्ने गरि संरचना बनाएमा र

न्यूनतम दुरी १०० मिटर कायम नगरि उक्त संरचनामा बनाएमा समेत कारवाहीको दायरमा ल्याउन सकिनेछ ।

२०. **पुनरावेदन :** यस ऐन बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२१. **नियम बनाउने अधिकार :** यस ऐनको परिच्छेद ३ लाई कार्यान्वयन गर्नको लागि वेग्लै, निर्देशिका, कार्यवधि बनाई लागू गर्न गाउँ कार्यपालिकालाई अधिकार रहनेछ ।

## परिच्छेद ४

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

२२. **स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुने :** (१) गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनःनिर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, कौशी, दलान आदि थपघट गरी बनाउने वा सो सँग सम्बन्धित कार्य गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका तयार गर्नेछ ।

२३. **भवनको दर्ता :** गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

२४. **भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्र पक्की भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लाीग गाउँपालिका समक्ष दरखास्त दिँदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्दछ ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी, अर्ध-सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट १.५ मिटर सेटव्याक छोड्नु पर्दछ ।

२५. **बस्ती विकासको लागि अनुमति दिने :** गाउँपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट बस्ती विकास परियोजना संचालन गर्न चाहेमा गाउँपालिका कार्यालयमा बस्ती विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनु पर्दछ ।

## परिच्छेद ५

## पूर्वाधार आयोजना निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

२६. **पूर्वाधार आयोजना तर्जुमा :** (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, संचालन र मर्मत सम्बन्धि योजना आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्दछ ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरु उल्लेख गरि आयोजनाको विवरण पेश गर्नु पर्नेछ :

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत, श्रम र त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च,

(च) निर्माण, संचालन तथा व्यवस्थापनका स्वरुप ।

२७. **लागत अनुमान तयार गर्नुपर्ने** : (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधारको लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्दछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ ।

२८. **पूर्वाधार आयोजना निर्माण, संचालन तथा व्यवस्थापन** : (१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण संचालन तथा व्यवस्थापनको लाीग देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. विस लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. साठी लाख सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत

(घ) रु. साठी लाख भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके बमोजिमको निर्माण व्यवसायी मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा व्यवस्थापन हुने कार्य साझेदारी मार्फत

२९. **उपभोक्ता समिति मार्फत गर्न सकिने** : (१) रु. विस लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरि सो समिति मार्फत गर्न सकिने छ ।

(२) स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ७ देखि ११ जना सदस्य रहने गरी उपभोक्ता समिति गठन गरिने छ । यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको अवधिभर हुनेछ । निर्माण सकिएपछि पनि निर्माण अवधि बराबरकै बाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सोही समितिले लिने छ ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १०% नगद लागत वा श्रमदान गर्नुपर्नेछ ।

(५) नगद सहभागीताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा गरे पछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ ।

(६) उपभोक्ता समिति परिचालन सम्बन्धी व्यवस्था कार्यविधि बनाई तोक्न सकिनेछ ।

३०. **पूर्वाधार मर्मत संभार कोष** : (१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा केन्द्र/प्रदेश स्तरका पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत संभार गरी सेवा सुचारु गर्नको लागि पुर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचनाहरु सडक, खानेपानी, सिंचाई, नदिबाट प्राप्त रोयल्टि रकमको ३० देखि ५० प्रतिशत रकम दाखिला गरिनेछ ।

(३) पूर्वाधार मर्मत सम्भार कोषको परिचालन सम्बन्धी व्यवस्था कार्यविधिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ६
## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

३१. **पूर्वाधार अनुगमन समितिको गठन :** (१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तरगत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा बढि लागत हुने पूर्वाधार निर्माण एवं मर्मतसम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नको लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु मध्येबाट एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ग) पूर्वाधार निर्माण सम्बन्धि ज्ञान भएका विज्ञहरु मध्ये एक महिला सहित २ जना - सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार हेर्ने वरिष्ठ इन्जिनियर मध्येबाट एक जना - सदस्य सचिव

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३२. **समितिको वैठक र निर्णय :** (१) समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको वैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३३. **अनुगमन पश्चात निर्देशन दिन सक्ने :** (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने समितिबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरी उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र संचालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

३४. **अनुमति दिनुपर्ने :** गाउँपालिका आफैँले व्यवस्थापन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुका निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्नको लागि अनुगमन समितिले अनुमति दिनु पर्नेछ ।

३५. **कारबाहीको सिफारिस गर्न सक्ने :** गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरेको प्रदेश सरकार वा नेपाल सरकार अन्तरगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने छ । साथै आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ ।

३६. **कालो सूचीमा राख्ने :** (१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम सुरु नगरेमा,

(ग) सम्झोता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएको कार्य पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा,

(च) अन्य यस्तै कुनै कसर गरेमा ।

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधि तोक्न सकिनेछ ।

३७. **प्राविधिक मूल्याकंन गर्नुपर्ने :** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिका पूर्वाधारहरुको प्राविधिक मुल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित् गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थपन गर्न सकिनेछ ।

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा संचालन

३८. **सार्वजनिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :** (१) यस ऐन बमोजिम कुनै व्यक्ति स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई सँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, संचालन तथा व्यवस्थापनमा निजी लगानीकर्ता सँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी नीजि साझेदारसँग लगानी प्राप्त गर्ने र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :

(क) संचालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, संचालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिए बमोजिम वा अधिकतम २२ वर्ष

३९. **प्रस्वात आव्हान गर्न सक्ने :** (१) गाउँपालिकाको पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको संचालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति, संस्था वा नीजि व्यवसायीले साझेदारको स्वरुपको आधारमा देहायको विवरणहरु खोलि प्रस्ताव पेश गर्नु पर्दछ :

(क) निर्माण गर्नु पर्ने वा संचालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) बित्तिय श्रोत

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाईन

(छ) प्रस्तावित शुल्क र करार अवधि

४०. **प्रस्ताव छनौट र सम्झौता :** (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाले विज्ञ टोलीद्धारा तपशील बमोजिमका आधारहरुमा मूल्यांकन गराई प्रस्ताव छनौट गर्न सक्ने छ :

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवा शुल्क र रोयल्टि रकम,

(घ) लिज अवधि,

(ङ) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर वृद्धि ।

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ ।

४१. **परिचालन तथा व्यवस्थापन :** (१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ । आवश्यकता र औचित्यताको आधारमा सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एकअर्कोलाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुँदाहरुमा हेरफेर हुन सक्नेछ ।

## परिच्छेद ९

## वातावरण, भूसंरक्षण तथा वैकल्पिक उर्जा

४२. **वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले एक करोड देखि दश करोड सम्मको लागत भएका पूर्वाधार आयोजनाहरुको प्रारम्भिक ।तावरणीय परीक्षण र दश करोड भन्दा माथिको लागत भएको पूर्वाधारहरुमा वातावरणीय प्रभाव मूल्यांकन गराउनु पर्नेछ ।

(२) आयोजनाको वातावरणीय परीक्षण र स्विकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपि गाउँपालिकाको सार्वजनिक सूचना पाटीमा टाँस गरी ७ दिनको म्याद सहित सुझाव माग गर्नुपर्नेछ ।

४३. **वैकल्पिक उर्जालाई प्रोत्साहनः** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ ।

(२) कुनै घरमा सोलार, बायोग्याँस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ । यसरी जानकारी नगराएमा सरकारबाट पाउने अुदान वा सहयोग दिइने छैन ।

(३) घरेलु शौचालयलाई बायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक बनाउने घरधुरीलाई गाउँपालिकाले सम्पत्ति कर वा मालपोतमा दश प्रतिशत सम्म छुट दिन सक्नेछ ।

४४. **भू-संरक्षण सम्बन्धी कार्य गर्न सक्ने :** (१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, बाटो किनार वा सडक किनारामा बाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ ।

(२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणको लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवगमनमा बाधा पुऱ्याउने खालको हुनु हुँदैन ।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्ने र सोको उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(५) उपरोक्त बमोजिम अनुमति दिँदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

४५. **फोहोरमैला तथा फोहोरपानी व्यवस्थापन :** (१) गाउँपालिका भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहोरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका सँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद १०
## विविध

४६. **अन्तर स्थानीय समन्वय :** (१) एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यको लागि सम्बन्धित गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ ।

४७. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयका प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

४९. **बचाऊ :** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

## अनुसूची (१)
## दफा २ (च) सँग सम्बन्धित

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा ट्रली बस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना कार्यान्वयन र नियम

(घ) राष्ट्रिय स्तरको पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल सेवा संचालन व्यवस्थपन, मर्मत सम्भार, समन्वय, सहकार्य

(ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(झ) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना कार्यान्वयन र नियमन

(ञ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ट) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ठ) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(ढ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन